13th of March 2026

National News

मुख्य समाचार

- बोडो क्षेत्रको विकासका लागि 1500 सय करोड रुपैयाँ स्वीकृत भएको प्रधानमन्त्री मोदीको घोषणा
- लोकसभाबाट आर्थिक वर्ष 2025-26 का लागि पूरक अनुदान स्वीकृत
- ग्यास आपूर्ति सम्बन्धी विषयलाई विपक्षले राजनीतिक रंग दिइरहेको राज्यमन्त्री रामदास अठावलेको दावी
- सर्वोच्च अदालतले मासिक धर्म बिदा-सम्बन्धी राष्ट्रव्यापी नीतिको मागबारे याचिका सुनुवाइ गर्न अस्वीकार
- हिन्द महासागर क्षेत्रमा हुने गतिविधिमाथि भारतको कडा निगरानी रहेको विदेश मन्त्री जयशंकरको भनाई

बोडो क्षेत्रको विकासका लागि 1500 सय करोड रुपैयाँ स्वीकृत: प्रधानमन्त्री मोदी

केन्द्रमा भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको एनडीए सरकारले बोडो प्रादेशिक परिषद् (बीटीसी) क्षेत्रको समग्र विकासका लागि काम गरिरहेको र यसको तीव्र विकासका लागि 1 हजार 5 सय करोड रुपैयाँ स्वीकृत गरिएको प्रधानमन्त्री नरेन्द्र मोदीले बताउनु भएको छ । उहाले गुवाहाटीबाट असमको कोकराझार जिल्लामा आयोजित जनसभालाई भर्चुअल माध्यमबाट सम्बोधन गर्दै यस्तो बताउनुभएको हो।

प्रधानमन्त्री मोदीले दशकौँसम्म हिंसा र रक्तपात भोगेको बोडो क्षेत्र अहिले विकास र स्थायित्वको नयाँ युगमा प्रवेश गरिसकेको उल्लेख गर्नुभयो। उहाले हजारौँ युवाहरूले हतियार त्यागेर मूलधारमा समावेश हुने निर्णय गरेको पनि बताउनुभयो।

यस क्रममा उहाले बोडो क्षेत्रको दीर्घकालीन उपेक्षाका लागि कांग्रेस पार्टीको कडा आलोचना गर्दै भाजपा नेतृत्वको एनडीए सरकारले यस क्षेत्रको सर्वाङ्गीण विकासमा प्राथमिकता दिएको बताउनुभयो।

कार्यक्रमका अवसरमा प्रधानमन्त्रीले भर्चुअल माध्यमबाट बीटीसी क्षेत्रमा असम माला 3.0 सडक परियोजना, चार वटा फ्लाइओभर र दुई वटा पुलको शिलान्यास गर्नुभएको थियो। साथै, कोकराझार जिल्लाको बसबारीमा रेलवे आवधिक मर्मत कार्यशालाको शिलान्यास गर्दै तीन नयाँ रेलगाडीलाई हरियो झण्डा देखाएर सञ्चालन गराउनु भयो।

लोकसभाबाट आर्थिक वर्ष 2025-26 का लागि पूरक अनुदान स्वीकृत

लोकसभाले आज आर्थिक वर्ष 2025-26 का लागि पूरक अनुदानलाई स्वीकृति दिएको छ। यस अन्तर्गत सरकारले 2 लाख 81 हजार करोड रुपैयाँभन्दा बढीको कुल अतिरिक्त खर्चको माग गरेको थियो। यो अतिरिक्त खर्च मुख्यतः मल, खाद्य सब्सिडी तथा रक्षा सेवामा बढेको खर्च पूरा गर्नका लागि माग गरिएको हो।

वित्त मन्त्री निर्मला सीतारमणले आज सदनमा भएको छलफलको जवाफ दिँदै पूरक अनुदानमा 61 वटा माग समावेश रहेको जानकारी दिनुभयो। उन्हाले सरकारले समग्र व्यापक आर्थिक संरचनालाई सुदृढ बनाएको बताउँदै यसले देशलाई राजकोषीय सुदृढीकरणको मार्गबाट नहटी आर्थिक संकटको सामना गर्न सक्षम बनाएको उल्लेख गर्नुभयो।

पूरक अनुदान बाहेक अन्य मन्त्रालय तथा विभागको बचतबाट 42 हजार करोड रुपैयाँभन्दा बढी रकम यस कोषमा थप गरिने उहाँले बताउनुभयो।

वित्त मन्त्री सीतारमणले विश्वव्यापी संकटको बीच सबै दलका नेताहरूलाई दलगत भेदभावभन्दा माथि उठेर राष्ट्रिय हितमा काम गर्न आग्रह गर्नुभएको छ। उहाले प्रधानमन्त्री नरेन्द्र मोदी देशका नागरिकहरूलाई कुनै पनि प्रकारको कठिनाइबाट जोगाउन निरन्तर प्रयासरत रहेको बताउनुभयो। यसैबीच, लोकसभाले आज विनियोग विधेयक 2026 पनि पारित गरेको छ।

ग्यास आपूर्ति सम्बन्धी विषयलाई विपक्षले राजनीतिक रंग दिइरहेको राज्यमन्त्री रामदास अठावलेको दावी

सामाजिक न्याय तथा अधिकारिता राज्यमन्त्री रामदास अठावलेले ग्यास आपूर्तिको विषयलाई विपक्षी दलहरूले राजनीतिकरण गरिरहेको बताउनुभएको छ। उहाले प्रधानमन्त्री नरेन्द्र मोदी तथा केन्द्रीय पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले देशमा एलपीजीको कुनै कमी नभएको स्पष्ट पारेको जानकारी दिनुएको छ। उहाका अनुसार देशमा पर्याप्त भण्डारण रहेकोले ग्यास अभावको अवस्था छैन।

यसैबीच, भारतीय जनता पार्टीका सांसद शशांक मणिले ग्यास आपूर्तिसम्बन्धी वर्तमान अवस्था विश्वव्यापी चुनौतीको हिस्सा भएको बताउनुभएको छ। आकाशवाणी समाचारसँगको कुराकानीमा उनले प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो यस विषयमा इरानका राष्ट्रपतिसँग समेत वार्ता गरेको जानकारी दिनुभएको छ।

## भारतले इरानलाई धम्की दिएको दाबी गलत: विदेश मन्त्रालय

भारतको विदेश मन्त्रालयको तथ्य जाँच इकाईले सामाजिक सञ्जालमा फैलिरहेका ती दाबीहरूको खण्डन गरेको छ जसमा भारतले इरानलाई धम्की दिएको र भारतीय नौसेना पश्चिम एशियाली देश विरुद्ध समुद्रमा प्रवेश गरिसकेको भनिएको छ।

तथ्य जाँच इकाईले यस्ता दाबीहरू पूर्ण रूपमा झुटा र भ्रामक रहेको स्पष्ट पारेको छ। साथै नागरिकहरूलाई सामाजिक सञ्जालमा फैलिने यस्ता आधारहीन दाबीहरूबारे सचेत रहन पनि आग्रह गरिएको छ।

मन्त्रालयले सामाजिक सञ्जालमा फैलिएको अर्को दाबी पनि असत्य भएको जनाएको छ, जसमा भारतले इरानलाई होर्मुज जलडमरूमध्य पुनः नखोले भारतीय नौसेनाले इरान विरुद्ध ठूलो सैन्य अभियान सञ्चालन गर्ने र इरानी ठिकानाहरूलाई निशाना बनाउने चेतावनी दिएको भनिएको थियो।

## सर्वोच्च अदालतले मासिक धर्म बिदा-सम्बन्धी राष्ट्रव्यापी नीतिको मागबारे याचिका सुनुवाइ गर्न अस्वीकार

भारतको सर्वोच्च अदालतले महिला विद्यार्थी र कर्मचारीका लागि मासिक धर्म बिदासम्बन्धी राष्ट्रव्यापी नीति बनाउन माग गर्दै दायर गरिएको जनहित याचिकामाथि सुनुवाइ गर्न आज अस्वीकार गरेको छ। अदालतले यस्तो प्रावधान लागू गरिएमा महिलाहरूलाई रोजगारी दिन नियोक्ताहरू हिच्किचाउन सक्ने टिप्पणी गरेको छ।

सर्वोच्च अदालतले यस्तो व्यवस्था ल्याउँदा महिला र पुरुषबीच रहेको भेदभावसम्बन्धी पुराना धारणाहरू अझ बलियो हुन सक्ने पनि उल्लेख गरेको छ।

मुख्य न्यायाधीश सूर्यकान्त र न्यायाधीश जॉयमाल्या बागचीको इजलासले यस विषयमा सक्षम प्राधिकरणले विचार गर्न सक्ने बताएको छ। साथै, सम्बन्धित सबै पक्षहरूसँग परामर्श गरेर मासिक धर्म बिदासम्बन्धी नीति बनाउने सम्भावनाको अध्ययन गर्न सकिने पनि अदालतले जनाएको छ।

## ट्रान्सजेन्डर

सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा. वीरेन्द्र कुमारले आज लोकसभामा ट्रान्सजेन्डर व्यक्तिहरूका अधिकार संरक्षण (संशोधन) विधेयक, 2026 पेश गरेका छन्।

यस विधेयकको उद्देश्य ट्रान्सजेन्डर व्यक्तिहरूका अधिकार संरक्षण ऐन, 2019 मा संशोधन गर्नु रहेको छ।

## हिन्द महासागर क्षेत्रमा हुने गतिविधिमाथि भारतको कडा निगरानी रहेको विदेश मन्त्री जयशंकरको भनाई

सरकारले आज देशले हिन्द महासागर क्षेत्रमा सुरक्षा तथा आर्थिक हितलाई असर पार्न सक्ने सबै गतिविधिमाथि कडा निगरानी राखिरहेको जनाएको छ।

लोकसभामा सोधिएको एक प्रश्नको लिखित जवाफमा विदेश मन्त्री डा. एस. जयशंकरले सरकार हिन्द महासागरमा भारतका हितहरूको संरक्षण गर्न आवश्यक कदम चालिरहेको जानकारी दिनुभएको छ।

उहाले हिन्द महासागर क्षेत्रसहित अन्य देशहरूसँग भारतका सम्बन्ध स्वतन्त्र र सन्तुलित रहेको पनि उल्लेख गर्नुभयो।

डा. जयशंकरले वैश्विक रणनीतिअन्तर्गत चीनले पछिल्ला केही वर्षदेखि हिन्द महासागर क्षेत्रका तटीय देशहरूमा बन्दरगाह तथा अन्य पूर्वाधार विकास गरिरहेको विषयमा सरकार जानकार रहेको पनि बताउनुभयो।

## Benjamin Netanyahu

इजरायलका प्रधानमन्त्री Benjamin Netanyahu-ले इजरायलका आक्रमणमा इरानका एक शीर्ष परमाणु वैज्ञानिक मारिएको बताउनुभएको छ।

नेतन्याहूले हिजो राति आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक रूपमा धेरै देखानपर्ने इरानका नयाँ सर्वोच्च नेता अयातुल्ला मोजतबा खामेनेईलाई रिभोलुसनरी गार्डको कठपुतली भएको भन्दै आलोचना गर्नुभयो।

उहाले इरानी जनतालाई सम्बोधन गर्दै स्वतन्त्रताको नयाँ मार्गतर्फ अघि बढ्ने समय आएको बताउनुभयो। साथै उहाले इजरायल ती मानिसहरूसँग साथमा रहेको पनि उल्लेख गर्नुभयो।